निर्णयहरू:-

१. जिल्ला प्रशासन कार्यालय, मकवानपुरको मिति २०७६-१२-१८ को सूचनामा उल्लेख भएअनुसार लकडाउनको समयमा सवारी साधन अनुमतिपत्र आवश्यक नपर्ने सवारी साधनहरू बाहेक जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी अनुमतिपत्र नभएका सवारी साधनहरूलाई चल्न नदिने व्यवस्थालाई थप प्रभावकारी बनाउने ।

२. मिति २०७६-१२-३० को कमाण्ड पोष्टको बैठकबाट दुध तथा दुग्धजन्य पदार्थ मात्र विक्री वितरण गर्ने डेरी पसल विहान ९:०० बजेसम्म र खाद्यान्न, तरकारी लगायतका खाद्य सामग्री विक्रिवितरण गर्ने खुद्रा पसल तथा होलसेल पसलहरू विहान १०:०० बजेदेखि दिनको १:०० बजेसम्म मात्र खुला राख्ने निर्णय गरिएकोमा मिति २०७७-०१-०२ देखि उक्त सबै पसलहरू विहान ९:०० बजेसम्म मात्र खुल्ला राख्ने ।

३. मकवानपुर उद्योग वाणिज्य संघले टोल-टोलमा खाद्यान्न तथा तरकारी विक्री वितरणको आवश्यक व्यवस्था मिलाउने ।

४. तराईबाट प्रवेश गरी मकवानपुर जिल्लाको लागि अत्यावश्यक सामग्री ढुवानी गरी आउने सवारी साधनहरूलाई हेटौडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले Disinfection Spray गर्ने व्यवस्था मिलाउने ।

५. सबै स्थानीय तहहरूले आ-आफ्ना क्षेत्रमा माइकिङ्ग तथा प्रचार प्रसार गरी लकडाउनलाई अझ बढी प्रभावकारी बनाउने ।

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, मकवानपुर

भारत र तेस्रो मुलुकबाट चैत्र १ गते पश्चात् मकवानपुर जिल्लामा आएका व्यक्तिहरूको विवरण र जिल्लाको एम्बुलेन्सको अवस्था

| क.सं. | स्थानीय तह | हालसम्म विदेशबाट आएकाहरूको संख्या | स्वास्थ्य परीक्षण गरिएको संख्या | स्वास्थ्य अवस्था | क्वारेन्टाइनमा रहेकाको संख्या | | Isolation मा रहेका संख्या | ICU मा रहेका संख्या | एम्बुलेन्सको संख्या | पार्टिसन गरेको एम्बुलेन्सको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | संस्थागत | होम | | | | |
| १. | हेटौंडा उ.म.न.पा. | २२१ | २२१ | सामान्य | १ | २२० | १ | ० | १२ | ६ |
| २. | थाहा न.पा. | ८२ | ८२ | सामान्य | ० | ८२ | ० | ० | ५ | ० |
| ३. | कैलाश गा.पा. | ६ | ६ | सामान्य | ० | ६ | ० | ० | १ | १ |
| ४. | ईन्द्रसरोवर गा.पा. | १६ | १६ | समान्य | ० | १६ | ० | ० | १ | ० |
| ५. | भिमफेदी गा.पा. | १९ | १९ | सामान्य | ० | १९ | ० | ० | १ | ० |
| ६. | मनहरी गा.पा. | ६९ | ६९ | सामान्य | ० | ६९ | ० | ० | ४ | ० |
| ७. | राक्सीराङ गा.पा. | ७ | ७ | सामान्य | ० | ७ | ० | ० | १ | १ |
| ८. | मकवानपुरगढी गा.पा. | २४ | २४ | सामान्य | ० | २४ | ० | ० | २ | ० |
| ९. | बकैया गा.पा. | १२ | १२ | सामान्य | ० | १२ | ० | ० | २ | ० |
| १०. | बागमती गा.पा. | २४ | २४ | सामान्य | ० | २४ | ० | ० | २ | ० |
| | जम्मा | ४८० | ४८० | | १ | ४७९ | १ | ० | ३१ | ८ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

०७६।१२।१९

दिपक राज नेपाल
प्रमुख जिल्ला अधिकारी